धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ०८/०८२/०८३

आज मिति २०८२ साल कार्तिक २३ गते, बुधबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | राजेन्द्र [illegible] | कों. व. अध्यक्ष | धरान-६ | |
| ३ | जमुना [illegible] मोक्तान | कों.वा. | ॥ धरान १२ | |

मिति २०८२/०७/२३ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णयका विषयहरु:

१. बैठकको गणपुरक संख्यासम्बन्धमा।

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मासदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २५ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा:–

यस अघि मिति २०८२/०६/०४ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा ५ वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थहरु मध्ये केहि कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको बैठकमा जानकारी भयो।

३. पालिका गान अनुमोदन गर्ने सम्बन्धमा।

यस धरान उपमहानगरपालिकाबाट पालिका गान तयार गर्नका लागि मिति २०८१/०६/१५ गते विभिन्न रचनाकार तथा सर्जकहरुबाट पालिका गान शब्द रचना पेश गर्नका लागि सूचना प्रकाशित गरे बमोजिम निर्धारित समय भित्रमा सर्जकहरुबाट प्राप्त शब्द रचनाहरु मध्ये मिति २०८१/०५/१८ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठित पालिका गान शब्द रचना छनौट विज्ञ समितिको निर्णयबाट सर्जक/रचनाकार श्री टीका आत्रेयबाट पेश गरिएको सबै भन्दा उत्कृष्ट शब्द रचना पालिकागान मिति २०८१/१०/०४ गतेको कार्यपालिका बैठकबाट अनुमोदन भइ उक्त रचनामान्यू भावना डिजिटल अडियो रेकडिङ्ग स्टूडियोलाई Arrange र Recording गर्न दिइएकोमा रेकडिङ्ग स्टुडियोबाट पालिका गानको सम्पूर्ण काम सम्पन्न गरी पेश गरिएको पालिकागान आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो। साथै पालिकागान सम्बन्धी मापदण्डहरु देहाय बमोजिम रहेको छ।

i. पालिका गानको प्रयोग: राष्ट्रिय गान पश्चात यस धरान उपमहानगरपालिका क्षेत्र भित्र हुने उत्सव, विभिन्न औपचारिक कार्यक्रम, सांस्कृतिक मनोरञ्जनात्क कार्यक्रम, विद्यालय प्रार्थना, खेलकुद समारोह र धरानबाट सञ्चालन हुने रेडियो, एफ.एममा पालिका गानको अनिवार्य प्रयोग गर्ने। पालिका गान बज्दा सबैले सर्तक अवस्थामा उभिएर शिर ठाडो गरी उच्च र उल्लासपूर्ण आवाजमा पालिका गान गाउनु पर्नेछ।

ii. पालिका गानको प्रयोगमा निषेध तथा जरिवाना: पालिका गानको अपमान हुने गरी असान्दर्भिक तवरले कुनै पनि स्थानहरुमा जथाभावी प्रयोग गर्न निषेध गरिएको छ। सो गरेको पाइएमा रु. १० हजार देखि रु. ५० हजार सम्म जरिवाना गरिने छ।

iii. अनुमगन गर्ने: धरान उपमहानगरपालिका क्षेत्र भित्र पालिका गानको प्रयोग भए नभएको सम्बन्धमा नियमितरुपमा उपमहानगरपालिकाबाट अनुगमन गरिनेछ।

४. खरिद गुरुयोजना स्वीकृत गर्ने सम्बन्धमा।

आ.ब. २०८२/०८३ मा स्वीकृत बहुवर्षीय आयोजनाहरुको बजेट व्यवस्थापन तथा योजनाबद्ध कार्यान्वयनका लागि तयार गरिएको खरीद गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत खरिद गुरु योजना पछाडी पानामा टाँस गरि प्रमाणित गरिएको छ।

५. नगरपालिकाले बाढीको कारण भरिएका खोला च्यानेलिङ्ग गर्ने तथा ढुवानी भाडा भुक्तानि गर्ने सम्बन्धमा।

- धरान नगर विपद् व्यवस्थापन समितिको मिति २०८२/०७/२० गतेको निर्णयानुसार यस वर्षको साउन, भाद्र र असोज महिनामा परेको भारी बर्षाको कारण धरान उपमहानगरपालिकाका विभिन्न स्थानहरुमा क्षति पुऱ्याएका सडक पूर्वाधारहरु, खहरे खोला तथा जोखिमयुक्त बस्तीहरुमा जोखिम न्यूनिकरण कार्य गर्नका लागि यस अघि नगर प्रमुखस्तरीय निर्णयबाट गरिएका मर्मत/पुनः निर्माण तथा जोखिम नियन्त्रणका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो। साथै उक्त निर्णयबाट सम्पन्न भएका आयोजनाहरु र निर्णयबाट सञ्चालित आयोजनाहरुको सामाग्री, सेवा, ढुवानी लगायतका सम्पूर्ण सेवाको नियमानुसार भुक्तानि गर्ने निर्णय गरियो र भारी वर्षाको समयमा धरान उपमहानगरपालिका क्षेत्रका सेउती, सर्दु, अधेरी, सेरा लगायतका खोला तथा खहरे खोला नियन्त्रण एवम् बस्ती तथा पूर्वाधारहरु संरक्षणका लागि विभिन्न स्थानहरुमा लगाउन खरिद गरिएको ६००(छ सय) थान तारजाली लगाउने काम सम्पन्न भएको हुँदा उक्त कार्यको प्राविधिक मूल्यांकन गरी नियमानुसार भुक्तानि गर्ने निर्णय गरियो। उक्त योजना तथा कार्यक्रमहरु पछाडी पानामा टाँस गरिएको छ।

६. अनुमोदन गर्ने सम्बन्धमा।

क. यहि मिति २०८२ साल कार्तिक १९ गते बुधवार कार्तिक पूर्णिमाका दिन लाग्ने बराह क्षेत्र मेलाको अवसरमा मिति २०८२/०७/१८ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,

मातहतका कार्यालय तथा शैक्षिक संस्थाहरुमा मिति २०८२/०७/१९ गतेका दिन स्थानीयविदा दिइएकोले आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

७. **कक्षा ११ र १२ को कक्षा तथा विषय थप सम्बन्धमा।**

यहि शैक्षिक सत्र २०८२ देखि पूर्व प्राथमिक कक्षा सञ्चालन तथा कक्षा थप अनुमतिका लागि आवेदन पेश गर्न अनुमतिका लागि सूचना प्रकाशित गरिएकोमा निर्धारित समय भित्रमा आवेदन पेश गरिएका विद्यालयहरुले तोकिएको मापदण्ड तथा पूर्वाधारहरु पुरा गरेको आधारमा शिक्षा महाशाखाको स्थलगत प्रतिवेदन तथा सिफारिसका आधारमा तपसिल बमोजिमका विद्यालयहरुको कक्षा थप/विषय थपको अनुमति दिने निर्णय गरियो।

तपसिल

| क.स. | विद्यालयकोनाम | ठेगाना | विद्यालयको किसिम | सिफारिसभएको कक्षा |
|---|---|---|---|---|
| १ | श्री भानुस्मृति माध्यमिक विद्यालय | धरान-३ | सामुदायिक | कक्षा-११ शिक्षा समुहका विषयहरु |
| २ | श्री शारदा बालिका नमुना माध्यमिक विद्यालय | धरान-१६ | सामुदायिक | ब्युटिसियन एण्ड हेयर ड्रेसिङ कक्षा १२ विषय थप |
| ३ | श्री शिक्षा सदन मा.वि. | धरान-१५ | सामुदायिक | कक्षा ११ ऐच्छिक अंग्रेजी विषय थप |
| ४ | श्री सहिद स्मृति मा.वि. | धरान-८ | सामुदायिक | कक्षा ११ कम्प्युटर साईन्स विषय थप |
| ५ | हिविस्कस इङलिस बोडिङ्ग स्कुल | धरान-१५ | संस्थागत | कक्षा-११ व्यवस्थापन समुहका विषयहरु |
| ६ | ल्याबोरेटरी मा.वि. | धरान-८ | सामुदायिक | कक्षा-१२ कानून विषय थप |
| ७ | ज्ञानोदय.मा.वि. | धरान-११ | सामुदायिक | कक्षा-११ Computer विज्ञान विषय थप |
| ८ | श्री ज्वालामुखी माध्यमिक विद्यालय | धरान-१७ | सामुदायिक | कक्षा-१२ थप (शिक्षा र व्यवस्थापन) |
| ९ | अल्पाइन इन्टरनेशनल स्कुल | धरान-१२ | संस्थागत | Hospitality Management विषय थप |

८. **बालमैत्री वडा घोषणा अनुमोदन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ९ बाट बालमैत्री वडा घोषणाका लागि बालमैत्री सम्बन्धी विभिन्न चरणमा कार्यक्रमहरु सम्पन्न गरी ५१ वटा सूचकहरु पुरा गरे पश्चात मिति २०८२/०३/२१ गते शनिबारका दिन धरान-९ स्थित विष्णु मेमोरियल स्कुलको प्राङ्गणमा बालमैत्री वडा घोषणा कार्यक्रम गर्नका लागि मिति २०८२/०४/०४ गतेको नगर प्रमुख स्तरीय निर्णय भई सम्पन्न भएको बालमैत्री वडा घोषणा कार्यक्रम आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

९. **बाटो दर्ता/चोक नामाकरण गर्ने सम्बन्धमा।**

क. धरान उपमहानगरपालिकाका विभिन्न वडाहरुमा बसोवास गर्ने स्थानीयहरुले दिनु भएको निवेदन बमोजिम बाटोको मापदण्ड तथा नामाकरण निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमन तथा सम्बन्धित महाशाखा शाखाबाट सम्पूर्ण प्रक्रिया पुरा भई विभिन्न मितिहरुमा नगर प्रमुख स्तरीय निर्णयबाट स्वीकृत तथा अनुमोदनका लागि पेश भएको बाटोको मापदण्ड तथा नामाकरण स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो। उक्त बाटोको मापदण्ड तथा नामाकरण प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

ख. किरातं राई यायोक्खा वडा कार्य समिति, धरान-१३ का अध्यक्ष सिर्पाल राईले वडा कार्यालयमा दिइएको निवेदन बमोजिम धरान उपमहानगरपालिका वडा नं. १३ उदय मार्ग, स्वस्तिका मार्ग र नागेश्वर मार्गको सङ्गम स्थलमा यायोक्खा चोक दर्ता गर्नका लागि वडा कार्यालयको सिफारिस, किरात राई यायोक्खा वडा-१३ को संयुक्त निर्णयको आधारमा उक्त चोकको नाम यायोक्खा चोक नामाकरण गर्ने निर्णय गरियो।

१०. **बाटोको नाम परिवर्तन गर्ने सम्बन्धमा।**

जिल्ला सुनसरी साबिक बाझगरा १ "क" हाल धरान उपमहांनगरपालिका वडा नं. १५ घट्टे गैरी लाईन बस्ने स्थानीय तथा गोविन्द मार्ग तुलसी पथ टोल विकास संस्थाले घट्टे गैरी लाइन बाटोको नाम परिवर्तन गरी गौरी अरुण मार्ग राख्न वडा कार्यालयको सिफारिस, प्राविधिकहरुको स्थलगत अनुगमन तथा सम्बन्धित महाशाखा शाखाबाट सम्पूर्ण प्रक्रिया पुरा गरी पेश गरिएको घट्टे गैरी लाइन बाटोंको नाम परिवर्तन गरी गौरी अरुण मार्ग कायम गर्ने निर्णय गरियो।

११. **बाटो दर्ता खारेज सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. १८ निवासी फिरोज देवान सहित ३ जनाले यस कार्यालयमा मिति २०८१/०८/१४ गते संयुक्त निवेदन पेश गरी मिति २०७२/०६/०१ गते धरान उपमहानगरपालिकामा दर्ता कायम भएको शान्ति मार्ग देखि स्कुल मार्गसम्मको विचको "शान्तिस्कुल पथ" नामाकरण भएको २० फुटको बाटो दर्ता खारेज गरिदिन हुन भनि माग भई आएकोमा उक्त बाटो नेपाल सरकारको नाममा नचढेको/हालसम्म व्यक्तिको नाममा देखिन आएको र निवेदकहरु आवतजावत गर्नका लागि घडेरीसँग जोडिएको अर्को बाटो समेत भएको हुँदा बाटो दर्ता

खारेजका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस, सर्जमिन, मुचुल्का, अमिनको प्रतिवेदनका साथै शाखा, महाशाख समेत मनासिव राय पेश भई आएकोले उक्त धरान-१८ स्थित "शान्तिस्कुल पथ" नामाकरण रहेको २० फिट माप भएको बाटो दर्ता खारेज गर्ने निर्णय गरियो।

१२. **प्रोत्साहन रकम सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. २ स्थित रहेको घण्टाघर नगरपालिकाको स्वामित्वमा आउनुभन्दा अघि घण्टाघ कार्यरत कर्मचारीहरु नरबहादुर सुब्बा र प्रकाश राईको उमेरको हदको कारण अवकास हुनु भएकोले निजहरु प्रोत्साहन स्वरुप जनही घण्टा घर कोषबाट रु. २,००,०००/-(अक्षेरुपी रु. दुई लाख) दिने निर्णय गरियो।

१३. **दररेट अनुमोदन सम्बन्धमा।**

क. आ.ब. २०८२/०८३ का लागि जिल्ला दररेट निर्धारण समिति, सुनसरीले पारित गरेको दररेटलाई नै उपमहानगरपालिका भित्र प्रयोग हुने आवश्यक कामदारका ज्याला, निर्माण सामाग्री, ढुवानी, मेशिन तथा उपकर भाडा लगायत पेश भई मिति २०८२/०४/१८ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार स्वीकृत भइ कायम भ नगर दर रेट आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो। स्वीकृत दररेट प्रमाणित गरी छुट्टै राखिएको छ।

ख. धरान उपमहानगरपालिकाको कार्यालयका लाई सम्बन्धित योजना तथा ईन्जिनियरिङ्ग महाशाखाबाट पेश भई आ आ.ब. २०८२/०८३ का लागि आवश्यक Digital Signature Certificate Class 3 Certificate को तपसिल बमोजि दर रेट स्वीकृत गर्ने निर्णय गरियो।

| क्रस | विवरण | इकाई | Radiant InfoTech Nepal Pvt. Ltd बाट प्राप्त दर रेट | कैफि |
|---|---|---|---|---|
| १ | Digital Signature Certificate Crypto Token नवीकरण दस्तुर | गोटा | ५,८००/- | |

१४. **खानेपानी मुहान थप उपयोग तथा अनुमति सम्बन्धमा।**

यस उपमहानगरपालिकाबाट स्वीकृत भइ लागु भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यवि २०७७ बमोजिम ढाँडे तेलनपुर खानेपानी उपभोक्ता समिति, धरान-४ ले मुहान थप उपभोगको अनुमतिका लागि निवेदन गरेको र खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ अनुसार गठन भएको मुहान उपय सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरि सिफारिस गरे बमोजिमको तपसिलको उपभोक्ता समितिल तपसिलको मुहान थप उपयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

क. ढाँडे तेलनपुर खानेपानी उपभोक्ता समिति, धरान-४ ले प्रयोग गरिरहेको धरान-४ ढाँडे गाउँ पुछारमा रहेको फोव खोलाको मुहान।

१५. **काली मार्ग सडक निर्माण, धरान-१ को भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।**

धरान-१ स्थित काली मार्ग सडक निर्माण कार्यको लागि धरान उपमहानगरपालिका र कालीमार्ग सडक निर्माण उपभे समिति, धरान-१ बिच मिति २०८१/११/१९ मा सम्झौता भई काम भईरहेकोमा लागत अनुमानको समावेश भएको रि टंकी र उत्तरतर्फको एजिगं वाल निर्माण गर्न नपर्ने भएकाले उक्त आयोजनाको पूर्व स्वीकृत लगत अनुमान १२,६९,७५४.०८ बाट लागत घट्न गई परिमार्जित लागत अनुमान रु. ९,५०,४२४.१८ (२५.१५% ले घटी) कायम आएकोले मिति २०८२/०३/१९ को श्रीमान् नगर प्रमुख स्तरीय निर्णयानुसार भेरिएसन आदेश अनुमोदन गर्ने नि गरियो।

१६. **घर नक्शा पास गर्ने सम्बन्धमा।**

सुनसरी जिल्ला अदालतको मिति २०७९/०८/१५ गतेको निर्णय अनुसार दाजुभाई बिच अंशबण्ड हुँदा २ वटा घ अगाडी पछाडी भई पछाडीको घडेरीको लागि साईडबाट ८ फिट बाटो खोलि बाटो नेपाल सरकारको नाममा चढाए र उक्त बाटो एउटा घडेरीको लागि मात्र भएको र बाटो पनि नेपाल सरकारको नाममा रहेकोले उक्त बाटोव आधारमानी कार्यपालिकाको मिति २०७५/१२/०८ गतेको निर्णय नं. ९ अनुसार सार्वजनिक जग्गाबाट नक्सापास छाड्नुपर्ने सेटब्याक ६ फिट ६ ईन्च छाडी नक्सापास गरिपाउँ भनि दिनुभएको निवेदनका सम्बन्धमा सम्बन्धित कार्यालयबाट सर्जमिन सहितको सिफारिस पत्र, प्राविधिकको स्थलगत प्रतिवेदन, शाखा-महाशाखा र का सल्लाहकारको राय समेतको आधारमा नेपाल सरकारको नाममा चढाएको उक्त बाटोबाट ६ फिट ६ ईन्च सेटव्य छाड्न लगाई नक्सापास सम्बन्धमा विस्तृत अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

१७. पालुवा नामक परियोजना संचालन गर्न सहमति दिने सम्बन्धमा।

रिड नेपाल, काठमाडौंको सहयोग तथा सुनौलो पुस्तकालय धरान मार्फत सिमान्तकृत युवाहरुका लागि वातावरण मैत्री व्यवसाय संचालन गर्न पालुवा नामक परियोजना संचालन गर्न सहमति माग भई आएकोले उक्त परियोजन संचालन गर्न सहमति दिने मिति २०८२/०६/२२ गतेको श्रीमान् नगर प्रमुखबाट भएको निर्णय आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

१८. **सल्लेरी ऋण सहकारी संस्था समस्या ग्रस्त घोषणा गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. १२ स्थित महेन्द्र पथमा रहेको सल्लेरी ऋण सहकारी संस्थाले सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसारको प्रक्रियाहरुलाई पालना नगरेको र उक्त संस्थाले आज भन्दा ७/८ वर्ष पहिले हजारौं वचतकर्ताहरुको रकम ठगेर लुटेर भागेको लगायत विविध गुनासा सहित आवश्यक कानूनी उपचारका लागि यस उपमहानगरपालिकामा सहकारी पिडितहरुबाट समस्याग्रस्त घोषणाका लागि लिखित अनुरोध गरेकाले धरान उपमहानगरपालिकाको सहकारी ऐन २०७५ को दफा ७७ अनुसार सल्लेरी ऋण सहकारी संस्थालाई समस्या ग्रस्त घोषणाका लागि यस उपमहानगरपालिकाको कानूनी सल्लाहकारको रायका साथै विस्तृत अध्ययन तथा छलफल पश्चात प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१९. विविध।

क. जग्गा सम्बन्धमा।

वि.सं. २०७० सालमा संस्था दर्ता ऐन २०३४ को अधिनमा रही स्थानीय अधिकारीको स्वीकृतिमा स्थापना भएको खस समाज प्रतिष्ठान नेपालले संस्थाको केन्द्रिय कार्यालय धरान-१७ मा स्थापना गर्नका लागि निवेदन पेश गर्नु भएको हुँदा उक्त संस्थालाई जग्गा प्रयोग गर्न वडा कार्यालयबाट उपयुक्त स्थानको विवादरहित जग्गा सिफारिस भई आएमा जग्गाको क्षेत्रफल नगरपालिकाबाट निर्धारण गरी जग्गा उपलब्ध गराउँने निर्णय गरियो।

ख. आयोजना प्रमुख तोक्ने सम्बन्धमा।

धरान उपमहानगरपालिका धरान-८ स्थित निर्माण सम्पन्न भई सञ्चालनमा आउन लागेको बसपार्कको व्यवस्थापनका लागि आयोजना प्रमुख नगर प्रमुख ज्यूबाट तोक्ने निर्णय गरियो।

ग. कच्चि घर तथा सुचीकरण सम्बन्धमा।

यस उपमहानगरपालिको आर्थिक ऐन, २०८२ को दफा २४ को अधिकार प्रयोग गरी आर्थिक ऐन, २०८२ मा रहेका तपसिलका केहि प्रावधानहरुलाई सरलीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

- यस नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १२ को उपदफा (९)(ख) मा भएको व्यवस्था अनुसार कच्चिघरको हकमा घरको क्षेत्रफलको आधारमा नक्सापास दस्तुरको रकम धरौटीमा राखि सेवा प्रवाह प्रदान गर्ने कार्य गर्नु सट्टा संरचनाको सुचीकृत गरी घरनम्बर दिई घरको विवरण अद्यावधी गरी सम्पत्ती कर असुल गरेमा सेवाग्राहीलाई तत्काल सेवा लिन सहज हुने तथा सेवा प्रवाह समेत छिटो छरितो हुने देखिएको हुँदा आर्थिक ऐन, २०८२ मा धरौटी लिने व्यवस्थाको सट्टा सोझै राजस्व नै संकलन गरी सेवा प्रवाह गर्ने निर्णय गरियो।
- यस नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १२ को उपदफा (७)(क) मा भएको व्यवस्था अनुसार नक्सा पास प्रयोजनको लागि सूचिकरणको व्यवस्था हटाईएकोमा साविक धरान नगरपालिकाका वडा नं. १ देखि वडा नं. १९ सम्म मिति २०६४ भदौ ५ भन्दा अगाडी बनेका, साविक पाँचकन्या गा.वि.स. मा मिति २०७१ वैशाख २५ र साविक विष्णुपादुका गा.वि.स.मा मिति २०७१ मंशीर १६ (गा.वि.स.हरु नगरपालिकामा गाभिएको मिति) भन्दा अगाडी बनेका घरहरुको सूचीकरण एक पटकको लागि २०८३ आषाढ मसान्तसम्म गर्ने निर्णय गरियो। सो को लागि वडा कार्यालयहरुबाट प्रचार प्रसारको कार्य गर्ने समेत निर्णय गरियो। साथै नम्बरी जग्गामा अनिवार्य नक्शापास गरेरमात्र भवन संरचना निर्माण गर्ने र वडाबाट नक्सापास भए नभएको अनुगमन तथा निरीक्षण समेत गर्न निर्णय गरियो।

घ. आर्थिक सहयोग।

यस नगर क्षेत्रका बसोबास गर्ने नागरिकहरू गम्भिर रूपमा विरामी भै उपचारको लागि सहयोग माग भै पर्न आएका निवेदन सम्बन्धमा यसपालि देखि हाल आर्थिक सहयोगका लागि निवदेन परेका तपसिलका व्यक्तिहरु र आगामि दिनहरुमा आर्थिक

सहयोग प्रदान गर्दा सम्बन्धित वडावाट भएको सिफारिस, विरामीको रोगको अवस्था, विरामीको आर्थिक अवस्था, स्वास्थ्य महाशाखाको रायका साथै नगरपालिकाको आर्थिक सहयोगका लागि विनियोजित बजेटको आधारमा नगर प्रमुखले निर्णय गरे बमोजिमको आर्थिक/उपचार सहयोग रकम उपलब्ध गराउँने निर्णय गरियो।

i. रोशन राई, धरान-८, कलेजोको समस्या भई उपचार गरिरहेकोले उपचार खर्च स्वरुप रु. १२०००/-
ii. अंकित खड्का, धरान-६, ब्रेन ट्युमर भई उपचार गराइरहेको उपचार खर्च स्वरुप रु. २००००/-
iii. नकुल राई, धरान-२०, दुवै मृगौलामा फेलका कारण उपचार गराइरहेको उपचार खर्च स्वरुप रु. २५०००/-
iv. रविन भुजेल, धरान-१६, एपेन्डिक्सको अपरेसन गरेकोले उपचार खर्च स्वरुप रु. ७०००/-
v. चन्द्र बहादुर सार्की, धरान-६, मुटुको समस्या भई उपचार गराइरहनु भएकोले उपचार खर्च स्वरुप रु. १५०००/-
vi. सर्वलाल विश्वकर्मा, धरान-८, पुलबाट लडि खुट्टा भाचिएकोले उपचार खर्च स्वरुप रु. १००००/-
vii. राम कृष्ण गुरुङ, ताप्लेजुङ, विरामी भई हेमोडायलाइसिस गराइरहेकोले उपचार खर्च स्वरुप रु. १००००/-
viii. मदन मरिक, कर्मचारी धउमनपा, मृगौलाको पत्थरीयाको उपचार गराइएकोले उपचार खर्च स्वरुप रु. १००००/-
ix. सुनिता पोखरेल, धरान-१५, जेनजी आन्दोलनको समयमा घरमा तोडफोड तथा आगजानी भएकोले राहत स्वरुप रु. ३००००/-
x. युविन तामाङ, धरान-११, वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएकोले परिवारलाई आर्थिक सहयोग स्वरुप रु. १५०००/-
xi. रिता विश्वकर्मा, धरान-५, मानसिक बिरामी भई उपचार गराई रहेकोले उपचार खर्च स्वरुप रु. १५०००/-
xii. रिता दर्जी, धरान-१७, दिर्घ रोगी तथा आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च स्वरुप रु. १००००/-
xiii. राजेन्द्र खड्का, धरान-१९ लामो समय देखि बिरामी भई उपचार गराइरहनु भएकोले उपचार खर्च स्वरुप रु. १००००/-
xiv. समशेर अनवर, कलेजो सम्बन्धी रोगको कारण लामो समय देखि विरामी भएकोले उपचार खर्च स्वरुप रु. १५०००/-
xv. लोकेन्द्र तामाङ, धरान-८ कलेजो रोगबाट बिरामी भएकोले उपचार खर्च स्वरुप रु. १५०००/-

ङ. <u>आर्थिक सहयोग अनुमोदन।</u>

i. बिराटनगर निवासी सुरज मण्डल आगोलागी भई वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराई रहेकोले निजको आर्थिक अवस्था कमजोर रहेको हुँदाथप उपचारका लागि एम्बुलेन्स मार्फत काठमाडौं लैजान मिति २०८२/०६/३१ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार एम्बुलेन्स भाडा स्वरुप रु. २५,०००/-उपलब्ध गराइएको हुँदा उक्त भाडा खर्च आजको वैठकबाट अनुमोदन गर्ने।
ii. धरान उपमहानगपालिका वडा नं. ८ निवासी रिता राई मिति २०८२/०३/०३ गते आकस्मिक विरामी भई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको सघन उपचार कक्षमा उपचार गराइरहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले मिति २०८२/०३/०६ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार नगर भिजन कोषको अतिविपन्न औषधी/खाद्यान्न शिर्षकबाट रु. २५,०००/- उपलब्ध गराइएको हुँदा उक्त सहयोग रकम आजको वैठकबाट अनुमोदन गर्ने।

धरान उपमहानगरपालिका

## खरिद गुरु योजना

आ.वं. २०८२।०८३

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | अनुमानित वार्षिक खरीद | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. 082/83 | दोस्रो वर्ष आ.व. 083/84 | तेस्रो वर्ष आ.व. 084/85 | चाथौं वर्ष आ.व. 085/86 | |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 1 | तीनढवांगे खोला कोरिडोर, धरान ८ | ठेक्का | 6,81,63,000.00 | | ईकाई दर | 3,00,00,000.00 | 3,00,00,000.00 | 81,63,000.00 | | सञ्चालित आयोजनाहरु |
| 2 | भञ्ज्यांग जाने सडक निर्माण, धरान २० | ठेक्का | 3,88,69,500.00 | | ईकाई दर | 3,00,00,000.00 | 88,69,500.00 | - | | |
| 3 | चिण्डेडाडा सुम्निमा पारुहांग प्रतिमा सम्पदा जाने बाटो निर्माण कार्य, धरान २० | ठेक्का | 8,01,00,000.00 | | ईकाई दर | 2,50,00,000.00 | 3,00,00,000.00 | 90,80,000.00 | | आ.व. ०८२।८३ मा संघीय समपूरक अनुदानमा स्वीकृत ३ वर्षीय आयोजना न.पा.को दायित्व रु. ६,४०,८०,०००।- |
| 4 | विजयपुर चोक/ पिण्डेश्वर सडक निर्माण बहु वर्ष धरान १४ | ठेक्का | 10,00,00,000.00 | | ईकाई दर | 2,00,00,000.00 | 3,00,00,000.00 | 5,00,00,000.00 | - | आ.व. ०८१।८२ मै खरीद गुरुयोजना स्वीकृत भएको तर कार्यान्यनमा नआएका आयोजनाहरु |
| 5 | सभागृह पुनर्निर्माण, धरान ८ | ठेक्का | 11,00,00,000.00 | | ईकाई दर | 1,20,00,000.00 | 4,00,00,000.00 | 5,80,00,000.00 | - | |
| 6 | पुतलीलाईन सडक निर्माण, धरान ९। १० | ठेक्का | 10,00,00,000.00 | | ईकाई दर | 50,00,000.00 | 3,00,00,000.00 | 3,00,00,000.00 | 3,50,00,000.00 | |
| 7 | शान्तिपथको ३० फुटे बाटो निर्माण, धरान २।७।३।१५ | ठेक्का | 5,00,00,000.00 | | ईकाई दर | 35,00,000.00 | 2,00,00,000.00 | 2,65,00,000.00 | - | |
| 8 | ऐश्वर्य मार्ग ड्रेन तथा सडक निर्माण, धरान ११ | ठेक्का | 5,00,00,000.00 | | ईकाई दर | 25,00,000.00 | 3,00,00,000.00 | 1,75,00,000.00 | - | |
| 9 | चतरालाईन सडक निर्माण, धरान १२ | ठेक्का | 8,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 1,00,00,000.00 | 3,00,00,000.00 | 3,95,00,000.00 | |
| 10 | पुष्पलाल/ भानु मार्ग सडक निर्माण , धरान १५ | ठेक्का | 6,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 50,00,000.00 | 1,00,00,000.00 | 4,45,00,000.00 | |
| 11 | लोकतान्त्रिक मार्ग सडक निर्माण, धरान १६ | ठेक्का | 3,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 50,00,000.00 | 1,00,00,000.00 | 1,45,00,000.00 | |
| 12 | चण्डीका मार्ग सडक निर्माण , धरान १५ | ठेक्का | 3,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 50,00,000.00 | 1,00,00,000.00 | 1,45,00,000.00 | |
| 13 | भक्तराज कन्दङ्वा क्रिकेट मैदान , धरान १५ | ठेक्का | 3,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 50,00,000.00 | 1,00,00,000.00 | 1,45,00,000.00 | |
| 14 | तुर्के खोल्सी व्यवस्थापन, धरान ३।१४ | ठेक्का | 4,00,00,000.00 | | ईकाई दर | 40,00,000.00 | 3,60,00,000.00 | - | - | आ.व. ०८२।८३ को बजेटमा बहुवर्षीय आयोजनाको रुपमा सुञ्चालन गर्न निर्णय भएका नया आयोजनाहरु |
| 15 | पृथ्वीपथ ड्रेन तथा सडक पुनःनिर्माण, धरान १ | ठेक्का | 5,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 3,00,00,000.00 | 1,95,00,000.00 | - | |
| 16 | खहरे पुल निर्माण, चतरालाइन, धरान १२ | ठेक्का | 1,00,00,000.00 | | | 5,00,000.00 | 95,00,000.00 | | - | |
| 17 | सुनगाभा मार्ग सेउती मार्ग पानवारी सडक, धरान ५ | ठेक्का | 3,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 1,00,00,000.00 | 1,00,00,000.00 | 95,00,000.00 | |
| 18 | साइन्स पार्क निर्माण, धरान १३ | ठेक्का | 3,00,00,000.00 | | ईकाई दर | 5,00,000.00 | 50,00,000.00 | 1,00,00,000.00 | 1,45,00,000.00 | |
| 19 | नारायणपथ ढल तथा सडक निर्माण, धरान १० | ठेक्का | 4,00,00,000.00 | | ईकाई दर | 1,50,00,000.00 | 1,50,00,000.00 | 1,00,00,000.00 | | नया आयोजना। |
| | कुल रकम | | 1,02,71,32,500.00 | | | 15,15,00,000.00 | 35,43,69,500.00 | 31,87,43,000.00 | 18,65,00,000.00 | |

## मापदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण (अनुमोदन/स्वीकृत भएको)

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म | लम्बाई मिटरमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | रामबहादुर लिम्बु समेत८जना | ५ | २०८२।०१।२४ | सेवारो मार्ग | २० फि. | पाँचकन्या मार्ग देखि | दक्षिण गई कि.नं.१११२र१०२१सम्म | २५८.१मि. |
| २ | कुमार विश्वकर्मा समेत३जना | १५ | २०८२।०२।११ | निशान मार्ग(निरन्तर) | २० फि. | निशान मार्ग | कि.नं.१४४७५सम्म | ११ मि. |
| ३ | ईन्द्रकला लिम्बु समेत ७जना | ६ | २०८२।०२।१४ | धनकुटे मार्ग | २० फि. | पाँचकन्या मार्ग | दक्षिण गई कि.नं.१९०६ र ३८२ जोडिएको अन्तिम विन्दु सम्म । | १२७ मि. |
| ४ | तारादेवी राई समेत ७जना | १५ | २०८२।०३।०५ | त्रिपुरेश्वर मार्ग | २० फि. | त्रिशुल मार्ग | दक्षिण तर्फ कि.नं.१४१३५ को उत्तर सिमाना सम्म | ३३ मि. |
| ५ | कौशिला लिम्बु समेत ६जना | ६ | २०८२।०३।२० | चुम्देङ्ग | २० फि. | दोभान मार्ग | कि.नं.५३२को दक्षिण पश्चिम कुना सम्म । | ९० मि. |
| ६ | कमला अग्रवाल समेत ३जना | ११ | २०८२।०४।०४ | डिल्लीनेम्वाङ पथ ( निरन्तर) | २० फि. | डिल्लीनेम्वाङ पथ | पूर्व कृष्ण पथ ख सम्म | १३४ मि. |
| ७ | किरण कुमार अग्रवाल समेत५जना | १७ | २०८२।०४।०४ | ईन्द्रपराजुली मार्ग लुप "काख" | २० फि. | ईन्द्रपराजुली मार्ग लुप "काख" देखी | माथिल्लो ईन्द्रपराजुली मार्ग सम्म | १३६ मि. |
| ८ | राम कुमार समेत ४जना | १७ | २०८२।०४।०४ | न्यू कुम्याल मार्ग | २० फि. | कुम्याल मार्ग देखी | न्यू कुम्याल मार्गको कि.नं.१६४०, १६५३ सम्म | ८१३ मि. |
| ९ | शर्मिला श्रेष्ठ समेत ४जना | १४ | २०८२।०४।२१ | देवि मार्ग | २० फि. | नयाँ सडक लुप देखि | कि.नं.२७४९सम्म | ७२ मि. |
| १० | तरा देवान राई समेत ३जना | १४ | २०८२।०६।०२ | नमुना मार्ग | २० फि. | नमुना मार्ग कि.नं.३४४०, ३४४३,३५८९,३५९८,३६८३,३६३९,३६४६ देखि | कि.नं.३५४२,३६४८,३६४९,३६५०सम्म | २४२ मि. |
| ११ | सीता शाक्य समेत ४जना | १२ | २०८२।०६।१० | शिव मार्ग | २० फि. | चतरा लाईन(उत्तर बन्द) | कि.नं.८३७,८४१,८४३को दक्षिण सिमाना सम्म | ४२ मि. |
| १२ | मेमकला राई समेत १० जना | १७ | २०८२।०६।२८ | खैरेनी मार्ग | २० फि. | मदनभण्डारी राजमार्ग | कि.नं.५९३ र ६०१सम्म | २७५.५मि. |
| १३ | दानबहादुर गिरी समेत | ५ | २०८२।०७।२० | फुलबारी मार्ग | २० फि. | फुलबारी मार्ग | कि.नं. २१७८ देवी बहादुर थापा | १२७ मि. |
| १४ | माछामारा टोल विकास संस्था धरान-२० | २० | २०८२।०७।२३ | हाउसपिस मार्ग | २० फि. | विष्णुपादुका मार्ग | भञ्ज्याङ सम्म | १००० मि. |

निर्णय नं. १ सँग सम्बन्धित

## धरान उपमहानगरपालिका

### आ.व. २०८२/८३

विपद् व्यवस्थापन कोषबाट २०८२/०७/१४ गतेसम्म निर्णय तथा सम्झौता भएका योजनाहरु :-

| क्र.सं. | वडा नं. | गरिएको कार्य | ल.इ. रकम | न.पा. | उपभोक्ता समिति | सम्पन्न रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १ | विद्युत प्राधिकरण पूल (महानन्द मार्ग) देखि दक्षिण खहरेमा साइडमा ग्याबिन निर्माण कार्य | २,५७,२३९.६२ | २,४०,०००.०० | १७,२३९.६२ | - | सञ्चालित |
| २. | ८ | ल्याबोरेटरी स्कुल पश्चिम श्रवण टोल खहरे साइडमा ग्याबिन र रिटेनिङ वाल निर्माण कार्य | ९,९९,६०६.७९ | ९,५५,८९९.३६ | - | - | सञ्चालित |
| ३. | ५ | मसाने खोला र सेउती खोलामा च्यानलिङ गर्ने कार्य | ३,६९,९१६.८० | ३,५०,०००.०० | १९,९१६.८० | ३,६८,१०८.२४ | सम्पन्न |
| ४. | ३ | पालिका तरकारी बजारमा आगलागी भएको सेड निर्माण कार्य | ३,५८,५५७.०३ | ३,४४,३१०.५२ | - | ३,३७,८९७.८१ | सम्पन्न |
| ५. | १७ | चतरा जाने सर्दु पुल उत्तर सर्दु खोलामा स्पर तथा ग्याबिन निर्माण कार्य | ९,९८,५०४.०८ | ९,६१,७४०.०० | - | - | सञ्चालित |
| ६. | ६ | सेहरा खोला चेनलिङ कार्य | ३,७०,३७०.५० | ३,५०,०००.०० | २०,३७०.५० | ३,६८,०२८.९९ | सम्पन्न |
| ७. | १९ | सुनाम टोल खहरेमा ग्याबिन र रिटेनिङ वाल निर्माण कार्य | ९,९८,१६५.०० | ९,५५,१७३.८३ | - | - | सञ्चालित |
| ८. | १ | पृथ्वी पथ उद्योग वाणिज्य संघ अगाडी भत्काएको ढल र स्लाब मर्मत कार्य | २,५०,१४७.४५ | २,४२,८२५.२७ | - | - | सञ्चालित |

## निर्णय नं.२ सँग सम्बन्धित

### आ.व. २०८२/८३ मा तारजाली वितरण सम्बन्धी विवरण

| क्र.सं. | तारजाली वितरण गरेको स्थान | वडा नं. | प्राविधिकको नाम | सङ्ख्या | वितरण मिति | साइज 3x1x1 | साइज 2x1x1 | बुझिलिने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धरान १७ सर्दु खोला लोकप्रीय खोल्सीमा कटान नियन्त्रण गर्नका लागि | १७ | वडा प्राविधिक | २५ | ०४/०४/२०८२ | २५ | ० | मनोज भट्टराई | |
| २ | धरान ५ बगरकोट स्थित रहेको सेउती खोला पुलको पूर्वतर्फ र मसाने खोला कटान नियन्त्रण | ५ | प्रभात तामाङ | १० | ०५/०४/२०८२ | ७ | ३ | ९७०९३२१४३७ | |
| ३ | धरान ५ र १५ सेउती पुल मास्तिर र मुन्तिर लगाउन | ५ र १५ | प्रभात तामाङ | ५० | २०८२/०४/०९ | २५ | २५ | श्रमदान | नगर प्रमुख श्रमदान मार्फत |
| ४ | धरान २० वेसार उद्योग संरक्षण कार्य (नगर प्रमुख ज्युको आदेशमार्फत) | २० | कमल राई | ३० | २०८२/०४/१३ | १५ | १५ | श्रमदान | नगर प्रमुख श्रमदान मार्फत |
| ५ | धरान ५ सेउती खोला पुर्वतर्फ झरना चोक आउने स्थानमा खोला कटान नियन्त्रण | ५ | रोशन | १० | २०८२/०४/१९ | ० | १० | जगत बहादुर विक ९८२७३४५९५७ | |
| ६ | धरान १५<br>नमुना मार्ग त्रिवेणीचोक पुर्व<br>नमुना मार्ग त्रिवेणीचोक दक्षिण | १५ | मदन लिम्बु | ५० | २०८२/०४/२० | ३० | २० | चन्द्र कुमार विश्वकर्मा ९८१८२०७९९४ | |
| | पक्कीपुल उत्तर शिवगंगा वस्ती (उपमेयर) | | | | | | | | |
| ७ | धरान ११ सुनौलो वस्तीमा | ११ | विशेषता तामाङ | ३० | २०८२/०४/२४ | १५ | १५ | श्रमदान | नगर प्रमुख श्रमदान मार्फत |
| ८ | धरान १६ लोकतान्त्रिक मार्ग | १६ | दिपक | १० | २०८२/०४/२२ | १० | ० | दल बहादुर गुरुङ ९८६२२०७३९८ | |
| ९ | धरान ५ शेराखोला पश्चिमतर्फ | ५ | रोशन महतो | १५ | २०८२/०४/२६ | १० | ५ | रत्न बहादुर गिरी ९८५२०५६७२३ | |
| १० | धरान ५ मसाने खोला देवीगाउँ सिरान निशानडाँडादेखि स्कुलडाँडा जाने | ५ | रोशन महतो | २० | २०८२/०४/२६ | १० | १० | रमेश कुमार राई ९७६२९२१६३६ | |
| ११ | धरान ११ हिमालय पृथ्वी टोल सर्दु खोला | ११ | वडा प्राविधिक | २० | २०८२/०४/२७ | १० | १० | धन कुमार राई ९८००९१३६९४ | |
| १२ | धरान १३ सुर्यउदय मार्गको खहरे खोला (२९ गते श्रमदानबाट काम गर्ने) | १३ | तेन्जिङ शेर्पा | २०+७+२ | २०८२/०४/२८ | १६ | १३ | श्रमदान | नगर प्रमुख श्रमदान मार्फत |
| १३ | धरान १७ सर्दुखोला पुलमास्तिर उत्तर पुर्वको वस्ती खैरेनी | १७ | वडा प्राविधिक | १० | २०८२/०४/२८ | १० | ० | सुन्दर बुढाथोकी ९८२९३५९७६१ | |
| १४ | धरान ५ सेउतीखोला र अधेरी खोला सुन्दर वस्ती पुछार | ५ | वडा प्राविधिक | १० | २०८२/०४/२८ | १० | ० | राम बहादुर राई ९८१०४२२६६७ | |
| १५ | पानवारी सिंचाई नहर प्रणाली जल उपभोक्ता संस्था धरान ६ | ६ | | ३० | २०८२/०४/२८ | १५ | १५ | श्रमदान | नगर प्रमुख श्रमदान मार्फत |
| १६ | धरान ४ भोर्लेनि सोमी बहादुर राई | ४ | वडा प्राविधिक | १० | २०८२/०४/२९ | १० | ० | सोमी बहादुर राई ९८४२२०७३०७ | |
| १७ | धरान-५ झोडापाटा सिता टोलका बस्तिहरुलाई निशानवेनी खोला (मसाने खोला) मा आएको बाढीका कारण | ५ | वडा प्राविधिक | १० | ०४/३०/२०८२ | ५ | ५ | राजेन्द्र राई ९८०४००७५२० | |
| १८ | धरान -१६ स्थित तारा सुब्बा स्मृति पार्क पश्चिम तर्फको रिटेनिङ वाल भत्काएको हुनाले तत्काल रोकथामको लागि | १६ | वडा प्राविधिक | २० | ०४/३०/२०८२ | २० | ० | मुरारी प्रसाद भट्टराई ९८४२०५३४५३ | |
| १९ | धरान ५ स्थित धोबि खोलाले कटान गरेको हुँदा रोकथामका लागि | ५ | वडा प्राविधिक | १० | ०४/३०/२०८२ | ५ | ५ | विजय राई वडा सदस्य ९८०४३१६९२७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | धरान ५ स्थित अँधेरी खोलामा आएको बाढीले क्षति भएको सितलबस्तिमा रहेको खेतियोग्य जमिन संरक्षण | ५ | वडा प्राविधिक | १० | ०४/३०/२०८२ | ५ | ५ | तेन्जिङ तामाङ ९८१४३१५९३३ | |
| २१ | धरान १३ अविराम मार्ग बस्ने रोजिना राईको घरमा घरदेखि पूर्वपट्टि बग्दै आएको खहरे खोलाले पूर्याएको क्षति रोकथाम | १३ | तेन्जिङ शेर्पा | ५ | ०४/३०/२०८२ | ३ | २ | रोजिना राई ९८१०४६१४५९ | |
| २२ | धरान-१३ अमरबस्ति ख सेतोपूल स्थित खहरे खोलामा आएको बाढीको कारण भएको क्षति रोकथामका लागि | १३ | तेन्जिङ शेर्पा | ६ | ०४/३०/२०८२ | ६ | ० | घनश्याम तिम्सिना ९८४२२०६६२० | |
| २३ | धरान १३ नं वडा कार्यालयको विपरित पट्टिको सडक ड्रेनमा बाढी आएर तिल बहादुर गुरुङको घरमा भएको क्षति रोकथाम | १३ | तेन्जिङ शेर्पा | ४ | ०४/३०/२०८२ | २ | २ | तील बहादुर गुरुङ ९८०७४७३३४४ | |
| २४ | धरान-१६ स्थित प्रगति मार्ग (पूल्चोक) मा मानवीय क्षति हुन नदिन तत्काल रोकथामका लागि | १६ | वडा प्राविधिक | २० | ०४/३०/२०८२ | १० | १० | मिरा विश्वकर्मा वडासदस्य ९८१७३८९००५ | |
| २५ | धरान १५ स्थित ललितटोलदेखि बिरनारायण बस्ती संरक्षण | १५ | वडा प्राविधिक | २० | ०४/२४/२०८२ | १२ | ८ | मेनुका लिम्बु खड्का ९८०४८४१३६७ | |
| २६ | धरान ५ को माथिल्लो पानबारी पुल मुन्तिर खैरेनी बस्तीमा गुम्बा र बस्ती जोगाउन (सेराखोलामा श्रमदान) | ५ | ईन्द्र बस्नेत | ३० | ०५/०४/२०८२ | ३० | ० | | नगर प्रमुख श्रमदान मार्फत |
| २७ | धरान १५ आनी गुम्बा पूर्वपट्टि | १५ | | १८ | ०५/०४/२०८२ | १८ | ० | | |
| २८ | धरान १३ सुर्यमार्ग | १३ | वडा प्राविधिक | ५ | ०५/०४/२०८२ | ५ | ० | | |
| २९ | धरान १५ स्थित ललितटोलदेखि बिरनारायण बस्ती संरक्षण | १५ | वडा प्राविधिक | १० | ०५/०६/२०८२ | १० | ० | भरत तामाङ ९८११३३३४५२ | |
| ३० | धरान ११ वानडाँडा सर्दु नियन्त्रण कार्य | ११ | १६ न वडाका प्राविधिक | ३४ | ०५/११/२०८२ | ३४ | ० | श्रमदान | |
| ३१ | धरान १७ गैरी खेत क्षेत्रतर्फ सर्दुखोलाले कटान | १७ | वडा प्राविधिक | १६ | ०६/२४/२०८२ | | १६ | सुबास विक ९८१८९१८६३७ | |
| | | | | | हालको जम्मा | ३८३ | १९४ | | |
| | | | | | बाँकी | १७ | ६ | | |
| | | | | | जम्मा | ४०० | २०० | | |
| | | | | | कुल जम्मा | कुल जम्मा खर्च | | | बाँकी |
| | | | | | ६०० | ६०० | | | ० |
| | | | | | | ३x१X१ बाँकी | | | १७ |
| | | | | | | २x१X१ बाँकी | | | ६ |